२०६६ साल असोज ३० गते रोज ६ का दिन २०.०० बजे प्रधानमन्त्रीनिवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. तिहारको उपलक्ष्यमा १ (एक) दिन बिदा थप गरी २०६६।७।३ गते मंगलवारका दिन सार्वजनिक बिदा दिने ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्तको नेतृत्वमा हुने थाइल्याण्ड र हङकङको भ्रमण कार्यक्रम स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।६१-०६६।६।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. मनोनयन गर्ने (उपाध्यक्ष डा. युवराज खतिवडालाई) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।६२-०६६।६।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. सम्मेलनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको वातावरण मन्त्रालयको नं. १४।९-०६६।६।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. International Aid Transparency Initiative मा भाग लिन पठाउने (मा. मन्त्रीलाई) विषयको संघिय मामिला, संविधान सभा, संसदीय व्यवस्था मन्त्रालयको नं. २०।२८-०६६।६।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. नेपाल सरकार (मं.प.) बाट स्वीकृत हुने विदेश भ्रमणलाई आवश्यकता र औचित्यताको आधारमा मितव्ययी, प्रभावकारी र व्यवस्थित गर्ने सम्बन्धमा राय/सुझाव सहितको प्रतिवेदन पेश गर्न देहायबमोजिमको समिति गठन गर्ने-

| | | |
|---|---|---|
| (क) | अर्थ मन्त्री | - संयोजक |
| (ख) | संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री | - सदस्य |
| (ग) | विना विभागीय मन्त्री | - सदस्य |
| (घ) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य-सचिव |

२०६६ साल असोज २१ गते रोज ४ का दिन २०.०० बजे प्रधानमन्त्रीनिवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय–

१. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा देहायबमोजिम कायम मुकायम मुकरर गर्ने र निम्न अनुसार पदस्थापना गर्ने -

| .सं. | नाम, थर | कायरत पद र नकाय | कायम मुकायम मुकरर ग रने पद र पद थापन हुने नकाय |
|---|---|---|---|
| १. | श्री धरणीधर खतिवडा | सह सचिव, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | का.मु. क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चाल विकास क्षेत्र, धनकुटा |
| २. | श्री अर्जुनबहादुर भण्डारी | सह सचिव, शिक्षा मन्त्रालय | का.मु. क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकास क्षेत्र, पोखरा |

मं.प.बै.सं. ३३।०६६



| | | | |
|---|---|---|---|
| ३. | श्री हरिराम कोइराला | सह सचिव, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | का.मु. क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, सुदूर पश्चिमाञ्चल विकास क्षेत्र, दिपायल |

२. भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगका सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) श्री गणेशराज जोशीलाई सोही श्रेणीको राष्ट्रिय सूचना आयोगको सचिव पदमा सरुवा गर्ने ।

३. सुदूरपश्चिमाञ्चल क्षेत्रका बाढी/पहिरो पीडित जनताहरुलाई उपलब्ध गराउन थप राहत प्याकेज विषयको गृह मन्त्रालयको नं. ६।११४क-०६६।६।२१ को प्रस्ताव - संलग्न बाढी/पहिरो पीडित राहत प्याकेजको क्र.सं. १., ३. र ५. को हकमा सोही प्याकेजमा उल्लेख भएबमोजिम गर्ने । अरुको हकमा स्वीकृत मापदण्ड बमोजिम गर्नेगरी रु. १५ करोड रुपैयाँ अर्थ मन्त्रालयले केन्द्रीय दैवी प्रकोप उद्धार कोषलाई निकासा दिने ।

४. राष्ट्रिय अनुसन्धान विभागमा रिक्त अनुसन्धान निर्देशक पदमा बढुवा (श्री गणेश थापा समेत ७ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।११४ख-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. प्रहरी नायव महानिरीक्षक पदमा बढुवा (श्री श्यामप्रसाद नेपाल समेत १६ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।११५-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. सशस्त्र प्रहरी नायव महानिरीक्षक पदमा बढुवा (श्री प्रकाश ओझा समेत ११ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।११५क-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. प्रहरी नायव महानिरीक्षक (चिकित्सक) पदमा बढुवा (डा. सुमन शम्शेर ज.ब.रा. समेत २ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।११६-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. संयुक्त राष्ट्रसंघ महासभाको ६४ औ नियमित अधिवेशनमा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलका थप सदस्यहरु र लाग्ने खर्चको निकासा विषयको परराष्ट्र मन्त्रालयको नं. ८।३०-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. मौजुदा भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग पुनर्गठन तथा गठन आदेश परिमार्जन गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।१२-०६६।४।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०६६ साल असोज २१ गते रोज ४ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. केही दिनदेखि सुदूरपश्चिमान्चल तथा मध्यपश्चिमाञ्चलका विभिन्न जिल्लाहरूमा लगातार वर्षाको कारण भएको बाढी पहिरोमा परी मृत्यु भएका व्यक्तिहरुको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्ने । बाढी पहिरोमा परी भएको जनधनको क्षतिको आंकलन गरी उद्धार तथा राहतका लागि गृह मन्त्रालयले कार्यक्रम पेश गर्ने ।

२. स्वाजीलैण्डमा हुने मन्त्रीस्तरीय बैठकमा भाग लिने (विना विभागीय मन्त्रीले) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।४७-०६६।६।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. Gender Based Violence Standard Operating Procedure and Information Management System विषयक कार्यशालामा भाग लिने (सचिव डा. त्रिलोचन उप्रेतीले) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।५३-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. International Aid Transparency Initiative को प्रथम वार्षिक भेलामा भागलिन पठाउने (सचिवलाई) विषयको अर्थ मन्त्रालयको नं. २।५३-०६६।६।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. ग्रामिण स्वास्थ्य विकास आयोजनाको सातौ चरण संचालन गर्न स्वीस सरकारको सहयोग स्वीकार गरी सो सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।५४-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. उच्चस्तरीय समिति गठन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।५५-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. नेपालमा हवाई यातायातको सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि गर्न Air Transport Capacity Enhancement Project का लागि एसियाली विकास बैंकले नेपाल सरकारलाई उपलब्ध गराउने सहायता रकम सम्बन्धमा नेपाल सरकार र उक्त बैंकका प्रतिनिधिहरुबीच बैंकको मुख्यालय मनिलामा हुने वार्तामा भाग लिन पठाउने (पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवको नेतृत्वमा) विषयको अर्थ मन्त्रालयको नं. २।५६-०६६।६।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. प्रतिस्पर्धाद्वारा छनौट भएको संस्था (BPC-JV) लाई काबेली 'ए' जलविद्युत आयोजनाको निर्माण-सञ्चालनको लागि स्वीकृति दिने विषयको ऊर्जा मन्त्रालयको नं. २का१३-०६६।६।४ को प्रस्ताव - विद्युत ऐन, २०४९ को दफा ३५ अनुसार गर्न स्वीकृति प्रदान गर्ने ।

९. 4th Abu Dhabi Dialogue on Water Cooperation in South Asia बैठकमा भाग लिन पठाउने (जल तथा ऊर्जा आयोगका सचिवलाई) विषयको ऊर्जा मन्त्रालयको नं. २का१५-०६६।६।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको लागि आवश्यक राजपत्राङ्कित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ऊर्जा मन्त्रालयको नं.२का१६-०६६।६।१८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित खण्ड (क) मा उल्लिखित व्यहोरा मात्र स्वीकृत गर्ने ।

११. अतिथिको रुपमा सहभागी हुने (मा. मन्त्रीको नेतृत्वमा) विषयको उद्योग मन्त्रालयको नं. ३।१८-०६६।६।१८ को प्रस्ताव - उक्त कार्यक्रममा माननीय मन्त्री महेन्द्रप्रसाद यादवले भाग लिने ।

१२. राष्ट्रिय सहकारी विकास वोर्डको सह-अध्यक्ष पदमा नियुक्ति (सरोजकुमार शर्मालाई) गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।५२-०६६।६।४ को प्रस्ताव - राष्ट्रिय सहकारी विकास वोर्डको सदस्य सचिव पदमा श्री विन्दुराज अधिकारीलाई नियुक्त गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. माओवादी द्वन्द्वको समयमा डिउटीमा खटिएको अवस्थामा मृत्यु भएका प्रहरी सुरक्षाकर्मीहरुको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं.६।९२-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. मनाङ्ग जिल्लाको नार गा.वि.स. मा भएको घटनामा मृत्यु भएका मृतकका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं.६।९३-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. ठिमी नगरपालिका, चपाचोमा घटेको घटनामा मृत्यु भएका मृतकका परिवारलाई थप आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं.६।९४-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. शहीद घोषणा गरी आर्थिक सहायता उपलब्ध गराउने (भूतपूर्व सांसद स्व. हेमनारायण यादवलाई) विषयको गृह मन्त्रालयको नं.६।९५-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. राहत स्वरुप किरिया खर्च वापत रकम उपलब्ध गराउने (भोटाहिटी) विषयको गृह मन्त्रालयको नं.६।९६-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. दुर्घटनामा परी मृत्यु भएका परिवारलाई आर्थिक सहायता उपलब्ध गराएको रकम शोधभर्ना गर्ने (स्व. काली परियार समेतलाई) विषयको गृह मन्त्रालयको नं.६।९७-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. कैद माफी मिनाहा दिने (रुद्रबहादुर दमाई समेत) विषयको गृह मन्त्रालयको नं.६।९८-०६६।६।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको "वडादशैं" भन्ने शब्दपछि "र दीपावली" भन्ने शब्द थप गरी प्रस्तावसाथ संलग्न अनुसूचीमा उल्लिखित २०४ जना कैदीहरुको भुक्तान गर्न बाँकी सजाय माफी गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिश गर्ने र सम्माननीय राष्ट्रपतिबाट स्वीकृत भई आएमा उल्लिखित २०४ जना कैदीहरूको भुक्तान गर्न बाँकी सजाय माफी मिनाहा दिई कारागारबाट मुक्त गर्ने ।

२०. मदिरा नियन्त्रण सम्बन्धी नीतिगत व्यवस्था गर्ने विषयको गृह मन्त्रालयको नं.६।१००-०६६।६।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. स्व.अलाउद्धिन अन्सारीलाई कर्मचारी शहीद घोषणा गर्ने विषयको गृह मन्त्रालयको नं.६।१०१-०६६।६।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. ईन्टरपोलको ७८औं महासभामा भाग लिने (प्रहरी महानिरीक्षक श्री रमेशचन्द ठकुरी र सशस्त्र प्रहरी महानिरीक्षक श्री सनतकुमार बस्नेतले) विषयको गृह मन्त्रालयको नं.६।१०२-०६६।६।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. स्व. अखिलेन्द्र यादवलाई शहीद घोषणा गर्ने विषयको गृह मन्त्रालयको नं.६।१०३-०६६।६।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने (प्रकाशबहादुर विष्ट समेत) विषयको गृह मन्त्रालयको नं.६।१०४-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. भिसा शुल्क र विलम्व दस्तुर मिनाहा दिने विषयको गृह मन्त्रालयको नं.६।१०५-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा उल्लिखित नागरिकलाई फिर्ता पठाउने शर्तमा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. चीन भ्रमणमा जाने (मा. राज्यमन्त्रीको नेतृत्वमा) विषयको गृह मन्त्रालयको नं.६।१०६-०६६।६।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. भ्रमण अवधि (मा. गृहमन्त्रीको) विषयको गृह मन्त्रालयको नं.६।१०७-०६६।६।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. प्रहरी नायव महानिरीक्षकको दरबन्दी थप गर्ने विषयको गृह मन्त्रालयको नं.६।११४-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. GBV Standard Operating Procedures and Informanation Management System Workshop कार्यक्रममा भाग लिने (सचिवले) विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।१४-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धिलाई अनुमोदन गरी नेपाल पक्ष राष्ट्र बन्ने विषयको युवा तथा खेलकुद मन्त्रालयको नं. ११क।११-०६६।६।४ को प्रस्ताव - नेपाल सन्धि ऐन, २०४७ को दफा ४(१) बमोजिम अनुमोदनको लागि व्यवस्थापिका संसद्मा पेश गर्ने ।

३१. Climate Change Negotiation सम्मेलनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने (सचिवको नेतृत्वमा) विषयको वातावरण मन्त्रालयको नं. १४।८-०६६।६।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. योग्य नठहरिएका माओवादी सेनाका लडाकुहरुको वर्हिगमन तथा पुनःस्थापन विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।२४-०६६।६।२० को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित खण्ड क) मा रहेको “स्थायी आमन्त्रितको रुपमा सहभागी गराउने” भन्ने व्याक्यांशको सट्टा “आमन्त्रण गर्न सकिनेछ ।” भन्ने व्याक्यांश राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. विशेष खर्च सम्बन्धी व्यवस्था गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।२५-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पठाउने (माननीय शिक्षा राज्यमन्त्रीको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं. १६।१९-०६६।६।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३५. भन्सार छुट दिने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।१४-०६६।६।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३६. भाग लिन पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।२५-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३७. विकास आयोजना/कार्यक्रमको लागि दरवन्दी स्वीकृत (सामुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना समेत) गर्ने विषयको सिंचाई मन्त्रालयको नं. १८क।९-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३८. विकास आयोजना/कार्यक्रमको लागि दरवन्दी स्वीकृत (जनताको तटवन्ध कार्यक्रम समेत) गर्ने विषयको सिंचाई मन्त्रालयको नं. १८क।१०-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३९. Workshop on Radio and Television for Developing Countries मा भाग लिने (मा. मन्त्रीले) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।२२-०६६।६।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४०. Pen International को सम्मेलनमा भाग लिन लिन्ज, अष्ट्रिया जाने (प्रा.डा. रामदयाल राकेशलाई) विषयको संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको नं. २०।२७-०६६।६।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४१. गाउँ विकास समिति अनुदान संचालन कार्यविधि, २०६६ र जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि, २०६६ स्वीकृत गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।२७-०६६।६।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४२. एशियाको लागि नगर विकास अग्रसरता विषयक एशिया तथा प्रशान्त क्षेत्रीय कार्यक्रममा भाग लिने (कार्यकारी अधिकृत (का.म.पा.) निरञ्जन बरालले) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।२८-०६६।६।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४३. हाल खाइपाइ आएको सुविधामा थप गरी जनआन्दोलनका घाइतेहरू श्री मुकेश कायस्थ र श्री विष्णुलाल महर्जनको हकमा जनही दश हजार रुपैयाँ एवं श्री रविन श्रेष्ठको हकमा छ हजार रुपैयाँ मासिक रुपमा उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत निकासा दिने ।